# गण्डकी प्रदेश सभा

## नवौंअधिवेशन

## बैठक संख्या -६

## सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मिति २०८२ साल चैत १७ गते, मंगलबार

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको **१:१८** बजे प्रारम्भ भयो। तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा माननीय कल्पना तिवारी, माननीय डिल्लीराम सुवेदी, माननीय फणीन्द्र देवकोटा, माननीय भक्त बहादुर कुँवर, माननीय लिल बहादुर थापा मगर र माननीय श्यामराजा महतले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सभालाई सम्बोधन गर्नुभयो ।

तत्पश्चात स्वास्थ्य मन्त्री माननीय कृष्ण प्रसाद पाठकले सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफल गरियोस् भनि प्रस्ताव पेस गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको दफावार छलफल प्रारम्भ भयो । उक्त दफावार छलफलमा माननीय दिलमाया पौ.बि., माननीय देवका पहारी त्रिपाठी, माननीय कुसुम बुढा पुन र माननीय विन्दु पौडेलले भाग लिनुभयो ।

तत्पश्चात स्वास्थ्य मन्त्री माननीय कृष्ण प्रसाद पाठकले "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखले "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५३ सम्म उल्लिखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदनको संशोधन क्रमसंख्या १ देखि ५३ सम्म उल्लिखित संशोधन "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको दफा २ देखि ९८ सम्म "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात स्वास्थ्य मन्त्री माननीय कृष्ण प्रसाद पाठकले "गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त विधेयक सर्वसम्मतिले पारित भयो ।

तत्पश्चात माननीय सभामुखले आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरि आजको बैठक दिनको २:४५ बजे स्थगित गर्नुभयो।

.....................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव